# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टङ्गाल, काठमाडौं

मिति: २०८१।११।०८ गते।

## प्रेस विज्ञप्ति

### विषय: आरोपपत्र दायर गरिएको।

जिल्ला बारा, साविक डुमरवाना गा.वि.स. वडा नं. ६क को क्षेत्रफल ज.बि. ०-१-० भएको जग्गाको श्रेस्तामा किर्ते गरी क्षेत्रफल ०-३-१० कायम गरी बिक्री गरेको, त्यस्तै क्षेत्रफल ज.बि. ०-२-१० भएको जग्गाको श्रेस्तामा किर्ते गरी क्षेत्रफल ०-६-० कायम गरी नापी कार्यालय, बारा र मालपोत कार्यालय, बारा समेतको मिलेमतोमा श्रेस्ता पूर्जा तयार गरी ठगी गरेको भन्ने उजुरी निवेदन सम्बन्धमा अनुसन्धान हुँदा जिल्ला बारा, जीतपुर सिमरा उपमहानगरपालिका वडा नं. १५ बस्ने जग्गाधनी सुदामा प्रसाद चौधरीले आफ्नो पत्नी रामपति देवी थरुनीको नाउँमा रहेको जिल्ला बारा डुमरवाना गा.वि.स.स्थित कि.नं. २२१ र कि.नं. २८३ को जग्गाको क्षेत्रफल बढाई बिक्री गर्न लेखापढी व्यवसायी जयलाल सहनीलाई घुस/रिसवत रु.१,५०,०००।- समेत दिई प्रतिवादी जयलाल सहनीले उक्त रकम तत्कालीन नापी कार्यालय बारामा कार्यरत सर्वेक्षक सुनिल कुमार झालाई दिई निजमार्फत उक्त रकम अन्य प्रतिवादीहरुले समेत प्राप्त गरी मिलेमतोमा जिल्ला बारा डुमरवाना गा.वि.स. वडा नं. ६ स्थित प्रतिवादी रामपति देवी थरुनीको नाउँमा रहेको साविक कि.नं. २२१ को क्षेत्रफल ज.बि. ०-१-१० बाट आफ्ना पति सुदामा चौधरीलाई ०-०-१० जग्गा पास गरी बाँकी ०-१-० हुनुपर्नेमा लिखतको बाँकी महलमा क्षेत्रफल ०-३-१० अभिलेख राखेको र साविक कि.नं. २८३ को ०-३-१० जग्गाबाट प्रतिवादी सुदामा प्रसाद चौधरीलाई ०-१-० पास गरिदिए पछि क्षेत्रफल ०-२-१० बाँकी हुनुपर्नेमा बाँकी क्षेत्रफल ०-६-० अभिलेख देखाई सोही अनुसार जग्गाको क्षेत्रफल बढाउने प्रयोजनको लागि नापी कार्यालयको नक्सा हेरफेर गरी फाईल नक्सा तयार गर्ने, सोही अनुसार प्लट रजिष्ट्र सच्याई मालपोत कार्यालय बाराबाट तयार भएको हालैको बकसपत्र लिखतको कित्ताकाटको महलमा गलत व्यहोरा जनाई गैरकानूनी लाभ लिई गलत लिखत तयार गर्ने तथा सरकारी लिखत सच्चाउने कसूर कार्यमा संलग्न देहायका प्रतिवादीहरु उपर देहायबमोजिम सजाय हुन मागदाबी लिई आज विशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएको छ।

**देहाय:**

| सि.नं | नामथर, पद र कार्यालय | बिगो रु. | कसुर तथा सजायको मागदाबी |
|---|---|---|---|
| १. | नापी कार्यालय, बारामा तत्कालीन **अधिकृत हाल अवकाश प्राप्त दीनानाथ मिश्र** र तत्कालीन सर्भेक्षक हाल नापी कार्यालय वीरगंज पर्सामा कार्यरत **नापी अधिकृत शिव बालक साह** | जनही रु.१,५०,०००।– | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिमको कसूरमा सोही ऐनको दफा ३(१)(घ) बमोजिम कैद सजाय हुन तथा सोही ऐनको दफा ३(१) बमोजिम जरिवाना हुन र सोही ऐनको दफा ३(१) बमोजिम असुल/जफत हुन एवं गलत लिखत तयार गरेतर्फ सोही ऐनको दफा ९ को कसूरमा सोही दफा ९ बमोजिम कैद र जरिवाना हुन र लिखत सच्याएतर्फ सोही ऐनको दफा ११ बमोजिमको कसूरमा सोही दफा ११ बमोजिम कैद र जरिवाना हुन मागदावी लिइएको छ। |

| | | | |
|---|---|---|---|
| २. | मालपोत कार्यालय बाराका मालपोत **अधिकृत सुमनप्रसाद चौधरी** र तत्कालीन **नायव सुव्बा बुधनप्रसाद यादव** | जनही रु.१,५०,०००।— | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिमको कसूरमा सोही ऐनको दफा ३(१)(घ) बमोजिम कैद सजाय हुन तथा सोही ऐनको दफा ३(१) बमोजिम जरिवाना हुन र सोही ऐनको दफा ३(१) बमोजिम असुल/जफत हुन एवं गलत लिखत तयार गरेतर्फ सोही ऐनको दफा ९ को कसूरमा सोही दफा ९ बमोजिम कैद र जरिवाना हुन र लिखत सच्याएतर्फ सोही ऐनको दफा ११ बमोजिमको कसूरमा सोही दफा ११ बमोजिम कैद र जरिवाना हुन मागदावी लिइएको छ। |
| ३. | जिल्ला बारा, जीतपुर सिमरा उपमहानगरपालिका वडा नं. १३ बस्ने **लेखापढी व्यवसायी जयलाल सहनी** | रु.१,५०,०००।— | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (२) बमोजिमको कसूरमा सोही दफाले निर्देश गरे बमोजिम दफा ३(१)(घ) बमोजिम कैद सजाय हुन तथा सोही ऐनको दफा ३(१) बमोजिम जरिवाना हुन र रिसवत लिएको रकम सोही ऐनको दफा ३(१) बमोजिम असुल/जफत हुन तथा गलत लिखत तयार गर्ने र लिखत सच्याएको कसूरको मतियार भई सोही ऐनको दफा २२ बमोजिमको कसुरजन्य कार्य गरेको हुँदा मुख्य कसुरदारलाई सोही ऐनको दफा ९ र दफा ११ बमोजिम हुने सजायलाई आधारमानी सोही ऐनको दफा २२ को प्रतिवन्धात्मक वाक्यांश बमोजिम सजाय हुन मागदाबी लिइएको छ। |
| ४. | जिल्ला बारा, जीतपुर सिमरा उपमहानगरपालिका वडा नं. १५ बस्ने जग्गाधनी **सुदामा प्रसाद चौधरी थारु र रामपति देवी थरुनी** | जनही रु.१,५०,०००।— | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (३) बमोजिमको कसूरमा सोही दफाले निर्देश गरे बमोजिम दफा ३(१)(घ) बमोजिम कैद सजाय हुन तथा सोही ऐनको दफा ३(१) बमोजिम जरिवाना हुन र सोही ऐनको दफा ३(१) बमोजिम असुल/जफत हुन साथै गलत लिखत तयार गर्ने र लिखत सच्याएको कसूरको मतियार भई सोही ऐनको दफा २२ बमोजिमको कसुरजन्य कार्य गरेको हुँदा मुख्य कसुरदारलाई सोही ऐनको दफा ९ र दफा ११ बमोजिम हुने सजायलाई आधारमानी सोही ऐनको दफा २२ को प्रतिवन्धात्मक वाक्यांश बमोजिम सजाय हुन मागदाबी लिइएको छ। |
| ५. | नापी कार्यालय बाराका **तत्कालीन सर्भेक्षक सुनिल कुमार झा** | रु.१,५०,०००।— | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिमको कसुरमा सोही ऐनको दफा ३(१)(घ) बमोजिम कैद सजाय हुन तथा सोही ऐनको दफा ३(१) बमोजिम जरिवाना हुन र सोही ऐनको दफा ३(१) बमोजिम असुल/जफत गरी पाउन एवं गलत लिखत तयार गर्ने र लिखत सच्याएको कसूरको मतियार |

| | | | |
|---|---|---|---|
| | | | भई सोही ऐनको दफा २२ बमोजिमको कसुरजन्य कार्य गरेको हुँदा मुख्य कसुरदारलाई सोही ऐनको दफा ९ र दफा ११ बमोजिम हुने सजायलाई आधारमानी सोही ऐनको दफा २२ को प्रतिवन्धात्मक वाक्यांश बमोजिम सजाय हुन मागदाबी लिइएको छ। |

सहायक प्रवक्ता
देवी प्रसाद थपलिया